# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०७४

प्रदेश नं. २, नेपाल

पत्र संख्या:- २०७८।०७९

चलानी नम्बर:- ६६१

मिति २०७८।१०।०३

विषय:- आवश्यक सहयोग र समन्वय सम्वन्धमा ।

श्री वडा कार्यालय सबै
कविलासी नगरपालिका, सर्लाही ।

प्रस्तुत विषयमा श्री सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधामको प.सं.२०७८।०७९ च.नं.६५० मिति २०७८।१०।०२ को पत्र मार्फत कोभिड-१९ को प्रकोप/महामारी बढेसँगै ओमिक्रोन जस्तो बढी सङ्क्रामक भेरियन्ट समेत प्रदेश नं.२ मा देखा परीसकेको सन्दर्भमा यसको नियन्त्रणका लागि देहाय अनुसारका उपायहरु अवलम्बन गर्न/गराउनका लागि कोभड-१९ संकट व्यवस्थापन प्रदेश निर्देशक समितिको मिति २०७८।०९।२९ को बैठक निर्णय संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम आवश्यक कार्य, सहयोग र समन्वय हुन अनुरोध छ ।

गिरीश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ:
श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।
श्रीमान् उप प्रमुखज्यू, कविलासी नगरपालिका, सर्लाही ।

बोधार्थ :
श्री सूचना प्रविधि शाखा, कविालसी नगरपालिका (Web site मा Upload गरिदिनु हुन ।)

इमेल ठेगाना:- kabilasimun@gmail.com
वेबसाईट:- www.kawilasimun.gov.np

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं.२
जनकपुरधाम, धनुषा

फोन नं.: ०४१-५९०७
E-mail: mosd@p2.gov.
Website: www.mosd.p

प.सं.:- २०७८/०७९
चलानी नं.:- ६४०

मितिः- २०७८/१०/०

विषयः कोभिड १९ को नयाँ भेरिएन्ट ओमिक्रोनको महामारी नियन्त्रण सम्बन्धमा।

श्री सबै स्थानीय तहहरु,

प्रदेश नं.२।

प्रस्तुत विषयमा कोभिड १९ को प्रकोप/महामारी बढेसँगै ओमिक्रोन जस्तो बढी सङ्क्रामक भेरियन्ट समेत प्रदेश नं. २ मा देखा परीसकेको सन्दर्भमा यसको नियन्त्रणका लागि देहाय अनुसारका उपायहरु अवलम्वन गर्ने/गराउनका लागि कोभिड १९ संकट व्यवस्थापन प्रदेश निर्देशक समितिको मिति २०७८/०९/२९ को बैठकबाट निर्णय भएकोले सोही अनुसार गर्नु/गराउनु हुन अनुरोध छ ।

(क) स्वासप्रस्वास/रुघाखोकी सम्बन्धी लक्षण देखिएका व्यक्तिहरुको तालिम प्राप्त प्रयोगशालाकर्मीबाट नाक र घाँटीको स्वाव संकलन गरी VTM मा राखी नजिकको पि सि आर प्रयोगशालमा अनिवार्य रुपमा परीक्षण गराइ नतिजा प्राप्त नभए सम्मका लागि आइसोलेसनमा राखे व्यवस्था गर्ने/गराउने ।

(ख) प्रयोगशालाको नतिजा पोजिटिभ (सङ्क्रामक) आएको खण्डमा रोगको कडापन हेरी होम आइसोलेशन वा संस्थागत आइसोलेसन सेन्टरमा राखे व्यवस्था गर्ने र उक्त व्यक्तिको सम्पर्कमा रहेका व्यक्तिहरुको समेत अनिवार्य रुपमा आइसोलेसनमा राखी तीन दिन भित्र पि सि आर जाँचको व्यावस्था (CICT) गर्ने/गराउने ।

(ग) जनस्वास्थ्यका विधिहरु (मास्क लगाउने, साबुन पानीले पटक पटक हात धुने वा स्यानीटाइजर प्रयोग गर्ने र भौतिक दूरी कायम गर्ने ) को पालना गराउन स्थानीय महिला स्वयम सेविकाहरु, आमा समूहका सदस्यहरु, स्थानीय अगुवाहरु र समाजसेवीहरुको सहयोगमा माइकिङ्ग, घरभेट लगायतका विधिहरु र आम सन्चार माध्यम प्रयोग गरी व्यापक प्रचार प्रसार गर्ने/गराउने ।

(घ) कोभिड १९ विरुध्दको खोप कार्यक्रमलाई अभियानका रुपमा सन्चालन गर्ने/गराउने ।

(ङ) भारतसगको सीमा नाकाहरु भएका स्थानीय तहहरुले हेल्थ डेस्क राखी आवतजावत गर्ने सबैको परीक्षण गर्ने व्यवस्था मिलाउने।

.......................

इम नारायण श्रेष्ठ

प्रदेश सचिव